# महोत्तरी जिल्ला अदालत
## जलेश्वर
### (प्रशासन-शाखा)

फोन नं.- ०४४-५२०२६३
५२०५११
फ्याक्स नं.- ५२००२१

मितिः-२०७८।०४।०१

**सूचना! सूचना !! सूचना !!!**

बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवेल कोरोना भाईरस(COVID-19) को नयाँ भेरिएन्टको संक्रमण दरमा केही सुधार हुँदै गएको देखिए पनि रोगको संक्रमण फैलन सक्ने जोखिमलाई मध्येनजर गर्दै यस महोत्तरी जिल्ला भित्र रहेको निषेधाज्ञालाई दृष्टिगत गरी २०७८।४।१ गते देखि २०७८।४।१० गते सम्म सन्दर्भमा यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा समेत संकुचन ल्याउनुपर्ने देखिएको हुँदा तपसिलमा उल्लेखित सेवाहरु संचालन गर्ने तथा अन्य सेवाहरु स्थगित गर्ने भनि यस अदालतबाट मिति २०७८/०४/०१ मा निर्णय भएकोले मिति २०७८।४।०१ गतेवाट लागुहुने गरी सरोकारवाला सवैको जानकारीका यो सूचना प्रकाशित गरिएको छ।

**<u>तपसिलः-</u>**

<u>सम्पादन हुने सेवाहरुः-</u>

१. म्याद थप,पक्राउ पुर्जी,CDR अनुमती,जरुरी पक्राउ पूर्जीको अनिमति समर्थन सम्बन्धी कार्य।
२. अभियोगपत्रको दर्ता अभियुक्तको वयान थुनछेक सम्बन्धी कार्य।
३. वन्दिप्रत्यक्षिकरणको निवेदनको दर्ता र निवेदनको सुनुवाई ।
४. प्रहरीद्धारा पक्राउ परी आएका फरार प्रतिवादीहरुको वयान तथा थुनछेक सम्बन्धी कार्य।
५. घरेलु हिंसा सम्बन्धि फिरादपत्रको दर्ता र अन्तरिम संरक्षणात्मक आदेश सम्बन्धी कार्य।
६. कसुर ठहर भैइसकेका सजाय निर्धारण सम्बन्धि वाकी काम कारवाही।
७. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ नं. बमोजिमका निवेदनका सुनुवाई।
८. बालबालिका सम्बन्धी ऐन र जेष्ठ नागरिक ऐन वमोजिम सम्बन्धित करागार कार्यालय तथा वालसुधार गृहवाट सुविधाका लागि प्राप्त हुन आएका निवेदनहरु।
९. कैद पुरा गरी जरिवानाको हकमा कैदमा बसिरहेका कैदीहरुले जरिवाना रकम बुझाउने गरी प्राप्त हुन आएका निवेदनहरु ।
१०. निषेधाज्ञाको कारणबाट कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अबधिमा मुद्दा,रिट तथा निवेदनहरुमा रहेका हदम्याद,म्याद,तारिख नगुज्रने।

**<u>थप भएको सेवाहरुः-</u>**

**(१) मुद्दा फिर्ता , तहसील शाखामा विगो दाखिल गर्ने काम तथा फैसला बमोजिमको दण्ड जरीवाना दाखिल गर्ने कार्यलाई सुचारु तथा व्यवस्थापन गर्ने कार्य । (२) मुद्दा मिलापत्र (३) मुद्दा डिसमिस (४) मुद्दा तामेली (५) विशेष प्रकृतिका निवेदन सुनुवाई (६)जग्गा रोक्का तथा फुकुवा (७) मिति २०७८।४।८ गते देखि प्रतिदिन १० (दश) थानका दरले फिराद दर्ता (८) सवै प्रकारको नक्कल दिइने। (९) विशुद्ध थुनुवा मुद्दाहरुको सुनुवाई। (१०) साना प्रकृतिका एकतर्फी देवानी मुद्दाको निवेदन दिइएको खण्डमा सुनुवाई गरिने।**

श्रेस्तेदार
.........
मदन प्रसाद जयसवाल
श्रेस्तेदार(उप-सचिव)